नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
**कोष तथा लेखा नियन्त्रक कार्यालय,**
**भोजपुर**

फोन नं. ०२९-४२०१४०
फ्याक्स नं. ०२९-४२०७३३

प.स. ०८०/८१
च.नं. २४८

मिति २०८१/०३/०४

विषय : <u>भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा ।</u>

श्री जिल्ला स्थित संघिय कार्यालयहरु सबै, भोजपुर ।
श्री जिल्ला स्थित प्रदेश कार्यालयहरु सबै, भोजपुर ।
श्री स्थानिय तहहरु सबै, भोजपुर ।

उपरोक्त सम्बन्धमा चालु आ.व. २०८०/०८१ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको भुक्तानी निकासा सम्बन्धी महालेखा नियन्त्रक कार्यालयको च.नं- २५२, मिति- २०८१/०३/०२ गतेको पत्र यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । भुक्तानी निकासा बन्द गर्ने सम्बन्धी व्यहोरा सोहि पत्रबाट अवगत गर्नुहुन र सो पत्रमा उल्लिखित मिति भित्र भुक्तानी दिने व्यवस्था मिलाउनु भई भुक्तानी निकासा बन्द गर्ने कार्यमा सहयोगको लागी अनुरोध छ ।

२०८१/०३/०४

बुद्धराम मल्ल आले
प्रमुख कोष नियन्त्रक

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

पत्र संख्या : २०८०/८१/४.१ कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा मितिः २०८१।०३।०२

चलानी नं.: ९४२

श्री विनियोजन
सबै कार्यालयहरुलाई पठाउने
२०८१।०३।०४

विषयः भुक्तानी निकासा सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

चालु आ.व २०८०/८१ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने सम्वन्धमा देहायबमोजिम गर्न यस कार्यालयको मिति २०८१/०३/०२ को निर्णयानुसार अनुरोध छ।

१. संघ, प्रदेश र स्थानीय तहहरुको आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै (मिति २०८१/०३/२४) मा भुक्तानी र प्रणाली बन्द हुने हुँदा संघीय कार्यालयहरुको हकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) र (२) बमोजिम र प्रदेश तथा स्थानीय तहले सोही नियमको उपनियम (७) र (८) बमोजिम गर्नु गराउनुहुन ।

२. प्रदेश र स्थानीय तहमा निकासा भई खर्च नभई बाँकी रहेको सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्वन्धित कार्यक्रममा स्रोत समेत खुल्ने गरी चालु आ.व. मा नै फिर्ता गर्न आवश्यक समन्वय गर्न र सोही अनुसार निकासा/खर्च कायम गर्नुहुन।

३. विनियोजन,राजश्व, धरौटी र कार्यसञ्चालनकोष तर्फ आर्थिक वर्षको अन्तमा कुनै पनि नगद मौज्दात नराख्न कार्यालयहरुलाई स्पष्ट निर्देशन दिन र सोको प्रभावकारी अनुगमन गर्न र नगदमा संकलन भएको रकम बैंकमा दाखिलाको लागि स्थानीय आवश्यकता अनुसार आर्थिक बर्षको अन्तिम दिन सरकारी कारोवार गर्ने बैंकसँग वेलुका अबेरसम्म संचालन गर्नको लागि आवश्यक समन्वय गर्नुहुन ।

४. एकल खाता कोषबाट जारी भएका राजश्व/धरौटीका चेकहरु आर्थिक वर्षको अन्तःसम्म सटही हुने व्यवस्था मिलाउनुहुन ।

५. चालु आर्थिक वर्ष देखि सामाजिक सुरक्षा भत्ता बापतको रकम EFT मार्फत सोझै लाभग्राहीको खातामा दाखिला गर्न शुरु गरिएको र चौथो किस्ता रकम असार महिनामा भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। लगभग ३८ लाख लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने भएको र ठूलो संख्यामा एकैपटक भुक्तानी गर्नुपर्दा सम्पूर्ण विद्युतिय प्रणालीमा अत्याधिक चाप पर्न जाने अवस्था रहेको छ। असार महिनामा अन्य कारोवारको समेत अत्याधिक चाप हुने समय भएको र सामाजिक सुरक्षाको कारण त्यसमा थप चुनौति थप भएको छ। उक्त चापलाई व्यवस्थित गरि सामाजिक सुरक्षा भत्ता तथा अन्य नियमित भुक्तानीलाई सहज किसिमले हुने वातावरण सृजनाको लागि देहाय बमोजिमले भुक्तानी निकासा गर्ने व्यवस्था गर्नुहुन।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०८१/०२/२५ च.न. १७२१ को पत्रानुसार सामाजिक सुरक्षा भत्ता रकम वि.स. २०८१ असार १५ गते भित्र पूर्णरुपमा भुक्तानी गरिसक्ने ।
- एकैपटक ठूलो संख्यामा रकम भुक्तानी गर्दा CGAS/TSA का साथै NCHL र बैंकको प्रणालीमा समेत चाप पर्न गई EFT Reject हुने सम्भावना धेरै हुने, सामाजिक सुरक्षाको गोश्वरा भौचर र भुक्तानी आदेश ज्यादै ठुलो हुने हुँदा यसको प्रतिवेदन हेर्दा अत्यधिक Load पर्ने, सम्बन्धित

स्थानीय तहले सामाजिक सुरक्षा भत्ताको VRS-MIS प्रणालीबाट CGAS मा विवरण पठाउने र CGAS मा गोश्वारा भौचर तयार गरी भुक्तानी आदेश बनाउँदा समेत प्रणालीमा अत्यधिक चाप पर्ने हुँदा उल्लेखित कार्यहरु कार्यालय समयको अत्याधिक चाप हुने समयमा नगरी कार्यालय समय अघि वा पछि हुनेगरी गर्ने ।

६. भुक्तानी योग्य भुक्तानीहरु पनि समयमा नै नगरी आर्थिक वर्षको अन्तमा पुर्याएर गर्ने प्रवृत्ति रहेको सन्दर्भमा भुक्तानी गर्न योग्य भुक्तानीहरु समयमा नै गर्न आवश्यक समन्वय गर्ने ।

७. खासगरी असार २० गते पश्चात लेखांकन र भुक्तानीसंग सम्बन्धित विद्युतिय प्रणालीमा अत्याधिक चाप पर्न जाने र विद्युतीय प्रणालीमा निश्चित स्तर भन्दा बढी भार पर्न गएको अवस्थामा प्रणालीले अपेक्षाकृत रुपमा कार्यसम्पादन गर्न नसक्ने हुँदा, नियमानुसार भुक्तानी योग्य भुक्तानीहरु सम्भव भएसम्म असार २० गते भित्र नै भुक्तानी दिने व्यवस्था मिलाउने ।

८. विनियोजन, धरौटी तथा विविध कोष तर्फका समायोजनका सम्पुर्ण कामहरु असारको पहिलो हप्ता भित्र सम्पन्न गरी श्रेस्ता अध्यावधिक बनाई राख्ने ।

९. धेरै तथ्याङ्क भएका प्रतिवेदनहरुले विधुतिय प्रणालीमा चाप सिर्जना गर्ने भएकोले त्यस्ता प्रतिवेदनहरु नियमित कार्यालय समय बाहेकको समयमा मात्र हेर्ने।

१०. FMIS को हिसाव भिडान/परिक्षण TAB मा देखिने रिपोर्ट नं ५००१ हेरी उक्त रिपोर्टमा देखिएका वेमेलहरु यस आ.व. भित्रै मिलान गर्नुहुन।

मनोज पौडेल
लेखा अधिकृत